स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



एउटै समयमा तीन फिल्म 'दु:खी आत्मा', 'जेरी अन टप' र 'पिताम्बर' छायांकनमा निस्किने भएपछि अभिनेत्री आँचल शर्मा तनावमा थिइन् । उनलाई यी तीन फिल्ममध्ये कम्तिमा एउटा छाड्नै पर्ने अवस्था देखिन्थ्यो । अन्ततः उनले 'पिताम्बर'बाट हात झिकेकी छन् । उनी स्वयंले फिल्मीखबरसँगको कुराकानीमा समय नमिलेका कारण आफू सहमतिमै फिल्मबाट अलग भएको जानकारी दिइन् ।

**आजको विचार...**



पदम न्यौपाने

तानसेनमा...
*(दुई पेजमा)*

*(दुई पेजमा)*



'मिस नेपाल वर्ल्ड' प्रतियोगितालाई नेपाली फिल्मका लागि हिरोइन उत्पादन गर्ने कारखाना भन्ने गरिएको छ । र, देखिन्छ पनि त्यस्तै । पहिलो मिस नेपाल रुबी राणादेखि श्रृंखलाबद्ध रुपमा मिस नेपाल विजेताहरुको फिल्ममा आगमन भइरहेको छ । अब सन् २०२० मा 'मिस नेपाल' बनेकी नम्रता श्रेष्ठले पनि फिल्मी करिअर सुरु गर्ने भएकी छन् । फिल्म 'रंगी'बाट उनी अभिनेत्री बन्न लागेकी हुन् । बिहीबार फिल्मका निर्माता सलोन बस्नेतसँग कागजी सम्झौता गरेपछि नम्रताले आफ्नो चरित्र मन परेकाले काम गर्न सहमत भएको बताइन् ।

❒ वर्ष ३० ❒ अंक ६० ❒ २०८१ भदौ २९ गते शनिबार 14 September 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

**संक्षिप्त समाचार**

## जिप दुर्घटनामा तीनको मृत्यु

**ढोरपाटन (बागलुङ),** भदौ २८/जिल्लाको गलकोट नगरपालिका-२ भुङ्खानीमा जिप दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । दुर्घटनामा दुई महिला र एक पुरुषको मृत्यु भएको हो ।

दुर्घटनामा रुकुम पूर्वको पुथाउत्तरगङ्गा गाउँपालिकाकी उपाध्यक्ष ३३ वर्षीया भुपेन्द्रा बुढा, उनकी ६१ वर्षीया आमा गोपीमाया बुढा तथा अर्को एक पुरुषको मृत्यु भएको छ । पुरुषको भने परिचय खुल्न सकेको छैन । बागलुङ जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक प्रताप पौडेलका अनुसार गलकोटतर्फ गइरहेको रा १ झ २०० नं को सरकारी जिप शुक्रबार बिहान गलकोट-२ भुङ्खानीमा दुर्घटना भएको हो । दुर्घटनामा एक पुरुष घाइते भएका छन् । रुकुम पूर्वका सहायक प्रमुख जिल्ला अधिकारी जीवनकुमार खड्काका अनुसार उक्त जीपमा पुथाउत्तरगङ्गा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारी सवार थिए । उपाध्यक्ष बुढा केही दिनअघि आमालाई लिएर काठमाडौँ गएको जानकारी पाएको उनले बताए । दुर्घटनास्थलमा परिचयपत्र फेला परेपछि मात्र दुर्घटनामा उपाध्यक्ष बुढा परेको खुलेको थियो । बिहानै जिप दुर्घटनामा परे पनि स्थानीयले घाँस काट्न जाने बेला देखेपछि उनीहरुले स्थानीय प्रहरीलाई खबर गरेका थिए । जिपमा कति जना सवार थिए भन्ने यकिन नभएको सहायक प्रजिअ खड्काले बताए । *-रासस*

## कर संकलनमा उत्साहजनक

# पाल्पामा एक महिनामै राजस्व संकलन दोब्बर

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ २८/पाल्पामा चालु आर्थिक वर्षको पहिलो महिनामै राजस्व संकलन दोब्बर देखिएको छ । करदाता सेवा कार्यालय पाल्पाका अनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा दोब्बरले राजस्व संकलन भएको हो ।

चालु आर्थिक वर्षको साउन महिनामा ८ करोड ३५ लाख ६९ हजार २ सय ९ बराबर राजस्व उठेको छ । गत आर्थिक वर्ष २०८०/०८१ को साउन महिनाको तुलनामा यो दोब्बरले संकलन भएको हो । उक्त अवधिमा ४ करोड ८९ लाख २ हजार ७ सय ४१ बराबरको मात्र राजस्व संकलन भएको थियो । यस वर्ष साउन महिनामा सबै भन्दा बढी मूल्य अभिवृद्धि कर अन्तर्गत परामर्श तथा ठेक्का र आय करतर्फ व्यक्तिगत वा एकलौटी फर्मबाट राजस्व संकलन भएको कर कार्यालयले जनाएको छ । परामर्श तथा ठेक्कामार्फत ३ करोड ४७ लाख ४४ हजार ५ सय ९ र व्यक्तिगत वा एकलौटी फर्मबाट २ करोड ७१ लाख ३२ हजार ६८ बराबरको राजस्व संकलन भएको हो । कार्यालयले गत आर्थिक वर्ष २०८०/०८१ मा ५५ करोड ५४ लाख ३६ हजार १ सय ७२ राजस्व संकलन गरेको छ । यो लक्ष्यको ७५ प्रतिशत हो । गत वर्षको तुलनामा यस वर्ष राजस्व संकलनमा वृद्धि हुने देखिएको कार्यालय प्रमुख तथा कर अधिकृत सन्तोष सुवेदीले बताए । उनका अनुसार चालु आर्थिक वर्षको पहिलो महिनामै उत्साजनक रुपमा करदाताहरुबाट कर संकलन भएकाले यस वर्ष राजस्वमा वृद्धि हुने भएको हो । गतवर्षदेखि कर शिक्षा प्रणालीलाई थप प्रभावकारी बनाउँदै लगेका कारण राजस्वमा वृद्धि हुँदै गएको कर अधिकृत सुवेदीको भनाई छ । उनले भने 'हामीले ठाउँ -ठाउँमा पुगेर कर शिक्षा दिदै आएका छौं, त्यसको प्रभाव राजस्व संकलनमा देखिएको छ ।' कर सम्बन्धी जनचेतना विस्तार भएर पनि व्यापारी/व्यवसायी क्रमशः करको दायरामा आउने क्रम बढेको प्रमुख सुवेदीले बताए । राज्यलाई कर तिर्नुपर्छ भन्ने मान्यताको विकास गराउन कार्यालयले सदरमुकाम र बाहिरका बजार केन्द्रीत ठाउँहरुमा कर शिक्षा दिने काम गरिरहेको छ । करको दायरामा आएपछि कमाई र पेशालाई कानुनी बैद्यता प्राप्त हुने र त्यसको माध्यमबाट बैंकिङ कारोबार गर्न सहज हुने भएकाले जनता स्वस्फुर्त कर दर्ता गर्न आउने क्रम बढेको उनले बताए । केही करदाताहरु अझै पनि शिक्षाको कमीका कारण करको दायरामा आउन नसकेकाले उनीहरुलाई स्थानीय सरकारसँग समन्वय गरेर ल्याउने काम कार्यालयले गर्दै आएको छ । जसका कारण पनि कर तिर्नेहरु बढ्दै गएका छन् । आर्थिक वर्ष २०७९/०८० मा ४३ प्रतिशत करदाताहरु करको दायरामा आउन नसकेको अवस्थामा थियो । तर अहिले कार्यालयले शिक्षा, चेतनाका कार्यक्रमहरु नियमित गर्दै आएकाले अहिले त्यो दर ३७ प्रतिशतमा झरेको छ । सरकारले समेत अहिले करदाताहरुको सेवा सुविधालाई मध्यनजर गर्दै विभिन्न सहुलियत तथा छुटहरु ल्याएको छ । आर्थिक ऐन २०८१ ले विभिन्न छुट तथा सुविधा ल्याएको कार्यालयले जनाएको छ । लामो समयदेखि करयोग्य कारोवार गरी स्थायी लेखा नम्वर (पान) नलिएकाहरुलाई पान लिई आ.व २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आयविवरण र सो मा लाग्ने कर २०८१ फागुन मसान्तरसम्म बुझाएमा सो मा लाग्ने शुल्क तथा व्याज मिनाहा हुने, पान लिई आयविवरण बुझाउन बाँकी करदाताले आय विवरण सो विवरण अनुसारको आयकर र सोमा लाग्ने व्याजको २५ प्रतिशत रकम २०८१ फागुन मसान्तरसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी व्याज समेत मिनाहा हुने करदाता सेवा कार्यालयले जनाएको छ । यस्तै २०८० अनुसार मसान्तरसम्म भ्याट विवरण पेश नगर्ने भ्याटमा दर्ता भएका करदाताले बुझाउनुपर्ने कर विवरण सो विवरण अनुसारको भ्याट र सोमा लाग्ने व्याजको ५० प्रतिशतले हुने रकम २०८१ फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर तथा बाँकी व्याज मिनाहा हुने पनि जनाइएको छ । जिल्लामा हालसम्म ४२ हजार ८ सय १९ करदाता रहेका छन् ।







सन्तोष सुवेदी
कर अधिकृत, कर कार्यालय, तानसेन, पाल्पा

गतवर्षदेखि कर शिक्षा प्रणालीलाई थप प्रभावकारी बनाउँदै लगेका कारण राजस्वमा वृद्धि हुँदै गएको छ । हामीले ठाउँ -ठाउँमा पुगेर कर शिक्षा दिदै आएका छौं, त्यसको प्रभाव राजस्व संकलनमा देखिएको छ । कर सम्बन्धी जनचेतना विस्तार भएर पनि व्यापारी/व्यवसायी क्रमशः करको दायरामा आउने क्रम बढेको हो ।

## रामपुरमा एकादशी र औँशीमा पशुपंक्षी 'वध' गर्न निषेध



**पाल्पा,** भदौ २८/जिल्लाको रामपुरनगरपालिका भित्र औँशी र एकादशीका दिन पशुपंक्षी वध गर्न निषेध गरिएको छ ।

रामपुर नगर सरकारले धार्मिक आस्था रपरम्परा तथा स्वास्थ्यलाई दृष्टिगत गरी उक्त दिन पशुपंक्षी वध गर्न निषेध गरेको हो । नगरपालिकाले एक सूचना जारी गर्दै धार्मिकसहिष्णुता र सद्भाव कायम राखी धार्मिक आस्थामा असर नपुऱ्याउन र स्वास्थ्यका लागि औँशी र एकादशीकादिन पशुपंक्षी वध नगर्न अनुरोध गरेको छ । 'औँशी र एकादशीकादिनमा पशुपंक्षी वध नगर्दा धार्मिक सहिष्णुता र सदभाव पनि कायम हुने धार्मिक आस्थामापनि असर नपर्ने र स्वास्थ्यको हिसाबले पनि फाइदाजनक हुने हुँदा एकादशी र औँशीकोदिनमा पशुपंक्षी वध नगर्न नगराउनु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ'- सूचनामा भनिएको छ ।

**-बाँकी अन्तिम पेजमा**

## राष्ट्रिय बाल दिवस मनाइँदै, बाल अधिकारको संरक्षण नारामै सीमित

**पाल्पा,** भदौ २८/आज राष्ट्रिय बाल दिवसविभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक बर्ष नेपालमा भदौ २९ गते राष्ट्रिय बाल दिवसमनाउने गरिन्छ । सोही अनुसार यस वर्षको दिवस शनिबार मनाउन लागिएको हो ।

दिवसको अवसरमा सरकारी तथा गैरसरकारीसंस्थाहरूले विभिन्न कार्यक्रमको आयोजना गरेका छन् । नेपालमा २०२१ साल भदौ ४गतेदेखि बाल दिवस मनाउन थालिएको हो । लोकतन्त्र स्थापना अघिसम्म बाल दिवसको थालनीगरेकी तत्कालीन बडामहारानी रत्नको जन्मदिनमा मनाउने प्रचलन थियो । पछि गणतन्त्रकार्यान्वयनमा आएपछि भने नेपालले बाल अधिकार महासन्धी अनुमोदन गरेको मितिकोस्मरणमा हरेक वर्ष भदौ २९ मा बाल दिवस मनाउने गरिएको छ । बालबालिकाको क्षेत्रमाकाम गर्ने सरकारी तथा गैरसरकारी संस्थालाई दिवसका दिन भ्याइ-नभ्याई नै हुने गरेको छ । तर बालबालिकाको विकास, सहभागिता र बाल अधिकार संरक्षण कागज र नारामै सीमित छ । उचितस्याहार सुसार, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत बाल अधिकार पनि बालबालिकाले पाउनसकेका छैनन् । बाल अधिकार हनन हुन नदिने तीनै तहका सरकारका योजना कार्यान्वयननहुँदा बालश्रम कायमै छ । सडक बालबालिकाको उद्धार र पुनर्स्थापना पनि कागजमै सीमितछ । बालबालिकामाथि हुने विभिन्न घटना तथा हिंसाअझै पनि उस्तै छन् । सरकारले अहिलेसम्म बालबालिकाको क्षेत्रमा कुनै पनि खास अध्ययनअनुसन्धान गरेको पाईदैन । बरु उसले प्रत्येक वर्ष सार्वजनिक सञ्चार माध्ययममा आएकाघटना समेटेर सार्वजनिक गर्दै आइरहेको छ । सरकारी तथ्याङ्क भन्दा धेरै घटना भने अझैसमाजबाट बाहिर आउन सकेका छैनन् । तर पनि सार्वजनिक भएका तथ्याङ्कलाई हेर्दा चिन्ताजनकअवस्था रहेको पाइन्छ । बालश्रम, बलात्कार, मृत्यु, बाल विवाह, हत्या, बेचविखन तथाओसार-प्रसार, कुपोषण, गर्भपतन, आत्महत्या, अपहरण र शारीरिक सजाय जस्ता बालबालिकासम्बन्धी घटनाहरु हुने गर्दछन् ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## राष्ट्रिय बालदिवसको औचित्य

आज ६० औँ राष्ट्रिय बाल दिवस देशभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । नेपालमा विसं २०२१ बाट बाल दिवस मनाउन थालिएको भएपनि २०६३ सालदेखि यसले देशैभर व्यापकता पाएको थियो । २०६३ साल अघिसम्म भदौ ४ मा मनाइने गरिएको बाल दिवस विगत १८ वर्षयता भदौ २९ गते मनाउन थालिएको छ । बाल दिवसलाई बालबालिकाको आफ्नो दिवसको रुपमा मनाउने अवधारणाको साथ संयुक्त राष्ट्रसंघ बालअधिकारसम्बन्धी महासन्धि १९८९ लाई नेपालले १४ सेप्टेम्बर १९९० अर्थात् २९ भदौ २०४७ मा अनुमोदन गरेको दिनलाई बालबालिकाको विशेष दिनको रुपमा आत्मसाथ गरी सोही दिनलाई राष्ट्रिय बालदिवसको रुपमा मनाउने निर्णयअनुसार नै अहिले यो दिवस मनाउन थालिएको हो । बालदिवसको अवसरमा मूल नारा तय गरिन्छ अनि सो विषयमा केन्द्रित कार्यक्रमहरू भव्यताका साथ सम्पन्न गर्ने गरिन्छ । तर पनि आजसम्म बालअधिकारका कुरा भने नारामा मात्रै सीमित देखिएका छन् ।

बाल अधिकारको हनन् गर्न नहुने, बाल अधिकार सुनिश्चित गरिनुपर्ने, हरेक क्षेत्रमा बालबालिकालाई प्राथमिकीकरण गरिनुपर्ने जस्ता आवाज दिवसका दिन उठ्ने गर्छन् । तर यी र यस्ता आवाज केही समयका लागि गुञ्जिन्छन् र बिस्तारै बिलाएर जान्छन् । यस्तै पद्धतिबाट राष्ट्रिय बालदिवस मनाउने प्रचलन निकै लामो समयदेखि चलिआएको छ । यसो हुनु गलत हो । बालदिवस आफैंमा एउटा महत्वपूर्ण दिवस हो । झण्डै आधाआधी जनसंख्या ओगटेका बालबालिकालाई मान्यता दिएर बालबालिकाकै दिवसका रुपमा सम्पन्न गर्न खोज्नु राम्रो पक्ष हो । कुनै पनि दिवस आफैंमा एउटा परम्पराको रुपमा पनि लिन सकिन्छ । तर नयाँ दृष्टिकोण अपनाएर बालदिवस मनाउनुको औचित्यलाई बुझाउन सक्नुपर्दछ । बालबालिकाको निम्ति चाहिने आधारभुत हकअधिकार वा उनीहरूको संरक्षणको सवालमा कति उपलब्धी हासिल गर्न सक्यौं वा सकेनौं भन्ने पक्षले राष्ट्रिय बालदिवसको औचित्यलाई मापन गर्न सकिन्छ ।

बालबालिकाको अधिकारलाई सुनिश्चित गर्नु राज्यको दायित्व हो । तर त्यो दायित्वबाट सरकार चुकेको छ । बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागिताको अधिकारलाई सुनिश्चित गर्न सकिएन भने राष्ट्रिय बाल दिवस मनाउनुको औचित्य हुँदैन । तसर्थ सरकारी तवरबाटै बालअधिकार सुनिश्चित हुन जरुरी छ ।

### Opinion @ Social Network

कसैसँग बदला लिने सोच नराख्नुहोस,
खराब फल आफै बोट बाट झर्छ ।
*(रन्जु खरेलको फेसबुक स्टाटसबाट www.facebook.com//kharel.ranju)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# तानसेनमा बढ्दै गएको निराशावाद ! परिणाम के होला ?



पदम न्यौपाने
तानसेन १०, पाल्पा

*बजारमा आउनेहरु मध्ये सिमित संख्याका मात्र आफ्नो निश्चित काम सम्पन्न गरेर फर्किने हुन्छन् । अधिकाशं भने निजि कामका साथै आफू सम्वद्ध वा आवद्ध विभिन्न संघ, संगठन, समाज वा सामाजिक, सामुदायिक संस्थासँगको सम्पर्क रहने गर्छन् । त्यहीबाटै उनीहरु शिक्षित, प्रशिक्षित हुने वा सूचना लिने, जिज्ञासा राख्ने वा बुझ्न खोज्ने गर्छन् । किनकी उनीहरु चाहान्छन् त्यहाँबाट पाएको सूचना वा जानकारी बाट आफ्नो क्षेत्रमा पुर्‍याउन चाहान्छन्, परिवर्तन वा रुपान्तरणमा आफू पनि सहभागी हुन चाहान्छन् । तर दुर्भाग्यपूर्ण सत्य के हो भने उनीहरु सम्पर्क रहने सम्वद्ध संस्थाहरुवाट उत्साही हुने भन्दा पनि निरुत्साहित भएर पर्किनु पर्ने अवस्था रहेको टिप्पणी गर्दछन् ।*

ग्रामीण विकासका लागि एउटा मान्यता वा भनाइ छ - यदी गाउँको विकास गर्नुछ भने नजिकको शहर वा सदरमुकामको विकास गर्न जरुरी छ वा ग्रामीण सुशासनका लागि शहरी सुशासन कायम राख्नु अत्यावश्यक हुन्छ । यो किन भनिएको हो भने ग्रामीण क्षेत्रबाट सरकारी सेवा, गैरसरकारी सहयोग वा व्यापार वा दैनिकी सञ्चालनका लागि आवश्यक वस्तुहरुको व्यवस्थापनका लागि शहर, बजार वा सदरमुकाम आउने जनताले देख्ने, सिक्ने र प्रभावित हुने भनेको यहीबाट हो । यसर्थ यो क्षेत्र बढी व्यवस्थित, विकसित, सु-संस्कृत, व्यवहारिक र सहयोगी व्यवहारका मूल्य र मान्यता अनि विकास, संरक्षण, सम्वर्द्धन, आम्दानीका नयाँ अभ्यास, बजारको सम्भावना, उत्प्रेरक गतिविधि र समृद्धिका असल अभ्यासहरुसँग साक्षत हुने एवं प्रभावित हुने अवसर दिन सक्नु पर्छ ।

**यस्तो अवसरका लागि बजारमा निम्न आधारहरुले प्रभावित पार्ने देखिन्छ ।**

१) बजारको संरचना, व्यवस्थित यातायात, बाटो, ढल, सार्वजनिक सौचालय, पिउने पानीको व्यवस्था, बजार मूल्य, खाद्यगुणस्तर आदी ।

२) सदरमुकामबाट प्राप्त हुने सेवा प्रवाह र स्थानीय सरकारमा सहजता र सरल व्यवहार अनि पहुँचमा सहजता ।

३) ऐतिहासिक, सांस्कृतिक, धार्मिक र पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनका साथै यसका कारण आन्तरिक तथा बाह्य पर्यटकको आगमन अवस्था ।

४) बजारमा हुने समूहगत भेटघाट, बहस, छलफल, व्यक्तिगत सम्पर्क र छलफलमा सकारात्मकता, सिर्जनात्मकता, उत्प्रेरक र प्रेरणाजन्य एवं स्थानीय र राष्ट्रिय बहसका विषयमा नयाँ सोच अवधारणाको जानकारी एवं आचरण, व्यवहार र संस्कारको अवस्था ।

**ग्रामीण क्षेत्रका वासिन्दाको बजारसँग जोडिएका चाहाना**

ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनताका लागि बजार फगत खरिद विक्रिको थलो मात्र होइन, यसमा अझै सदरमुकाम पनि भएको अवस्थामा जनताले जिल्लास्तरिय सेवा कार्यालयबाट सेवा लिने मात्र पनि होइन । बजार जति सुन्दर र आकर्षक हुन्छ त्यसको प्रभाव अनगिन्ति देखिन्छ । बजार वा सदरमुकामलाई देख्ने र सिक्ने थलोको रुपमा पनि लिइन्छ । थकित मनलाई बहलाउने र मनोरञ्जन लिने अवसर पनि बजारबाट प्राप्त गर्ने मनोकाक्षा रहन्छ ।

भाषा, साहित्य, कला, संस्कृति, खेल र जीवनशैली रुपान्तरणको भित्रि इच्छा पुरा गर्न वा सहभागी हुनका लागि पनि बजार आउन चाहन्छन् । यहाँको बोलीचाली, व्यवहार र संस्कार सिक्ने र आफूलाई परिष्कृत बनाउने अवसर पनि खोजेर समय समयमा बजार तर्फको आकर्षण रहन्छ । प्रत्यक्ष भेटघाट छलफलबाट आफू खारिने मनसुवा पनि रहन्छ । यहाँ रहेका सार्वजनिक सम्पत्ति र सम्पदाहरुको संरक्षण र व्यवस्थापन अनि विकासको अवलोकन गर्ने चाहना पनि रहन्छ । यति मात्र होइन बाहिरबाट आउने पर्यटक वा बाहिर बस्ने जिल्लावासीहरुको अभिलाषा र अपेक्षा अझ बेग्लै हुन्छ । आफूले देखेका जानेका सुनेका अनुभव, ज्ञान र सिपको आदान प्रदान गर्ने र बजारको रुपान्तरण अभियानमा सामेल हुन र केही योगदान दिन चाहानेहरुको खोजी बेग्लै हुन्छ । यसै कारणले पनि बजारआउने अधिकाशंमा नयाँ-नयाँ जिज्ञासा हुन्छन् र सम्वद्धहरुसँग अभिव्यक्त गर्न चाहान्छन् वा गरेका हुन्छन् ।

**अब चर्चा गरौं के तानसेनमा यस्ता अवसर उपलव्ध छन् की छैनन् ?**

बजारमा आउनेहरु मध्ये सिमित संख्याका मात्र आफ्नो निश्चित काम सम्पन्न गरेर फर्किने हुन्छन् । अधिकाशं भने निजि कामका साथै आफू सम्वद्ध वा आवद्ध विभिन्न संघ, संगठन, समाज वा सामाजिक, सामुदायिक संस्थासँगको सम्पर्क रहने गर्छन् । त्यहीबाटै उनीहरु शिक्षित, प्रशिक्षित हुने वा सूचना लिने, जिज्ञासा राख्ने वा बुझ्न खोज्ने गर्छन् । किनकी उनीहरु चाहान्छन् त्यहाँबाट पाएको सूचना वा जानकारी बाट आफ्नो क्षेत्रमा पुर्‍याउन चाहान्छन्, परिवर्तन वा रुपान्तरणमा आफू पनि सहभागी हुन चाहान्छन् । तर दुर्भाग्यपूर्ण सत्य के हो भने उनीहरु सम्पर्क रहने सम्वद्ध संस्थाहरुवाट उत्साही हुने भन्दा पनि निरुत्साहित भएर पर्किनु पर्ने अवस्था रहेको टिप्पणी गर्दछन् । किनकी सम्पर्कमा रहने अधिकाशं संघ संस्था, संगठन वा मञ्चहरुबाट आफूले जानेको भन्दा बढी केही सिक्न नपाउने पिडा बोकेका हुन्छन् । यो तथ्य वा वास्तविकता यो टिप्पणीकारले पनि अनुभूति र अनुभव गरेको सत्य हो । विभिन्न संघ संस्था वा संगठनमा रहनेहरु मध्ये अधिकाशंका अभिव्यक्ति हुँदैन, सम्भव छैन, कसैले गर्दैन, असम्भव भन्ने धारणा बनाउनबाट सच्चिनु पर्दछ । विशेष गरी प्रभावित पार्ने पक्षहरुका बारेमा उल्लेख गर्नुपर्दा सामाजिक वा सार्वजनिक संस्थाहरुमा आवद्ध रहेका वा रहिसकेपछि आफ्नो आचरण, व्यवहार, संस्कारबाट धेरै प्रभावित हुन्छन् भन्ने हेक्का राख्नै पर्दछ , जुन अहिले अधिकाशंमा यो अभाव देखिन्छ । त्यति मात्र होइन जो जो जुनजुन सार्वजनिक पदमा रहेका र रहिसकेका हुन्छौं त्यस्ता प्रतिनिधिहरु त झनै जिम्मेवार बन्नै पर्दछ । हुँदैन , सम्भव छैन भन्ने मान्यता बोकेकाहरुलाई सम्भव छ, हामी सक्छौं र हामी गर्छौं भन्ने सन्देश प्रवाहमा ध्यान दिनै पर्दछ । संसारमा असम्भव भन्ने कही र केही छैन मात्र इच्छाशक्तिको खाचो रहेछ भन्ने उत्प्रेरकको उदारण बन्न जरुरी छ ।

**कस्ले के गर्ने ?**

संगठित संस्थाहरु सकारात्मक धारणा बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । सकारात्मक धारणा बनाउन, नयाँ सम्भावनाका बारेमा विवेचना गर्न, विभिन्न उपाय र पर्यत्नका बारेमा गतिला कुरा एवं अभ्यास सुन्न योगदान दिन सक्ने संस्थाहरुमा विभिन्न राजनीतिक दलहरु, सामाजिक संघ संस्थाहरु, व्यवसायिक प्रतिष्ठान सम्वद्ध संस्थाहरु, मानवीय सेवामा क्रियाशिल संस्थाहरु,निर्वाचित संस्था र सम्वद्ध प्रतिनिधिहरु, सञ्चार सम्वद्ध संस्थाहरु, चीया पसलहरु, सहकारी संस्थाहरु, कला, साहित्य सम्वद्ध संस्थाहरु, सेवा प्रवाह गर्ने संस्था आदीबाट धेरै प्रभाव पार्न सक्ने देखिन्छ ।

ग्रामीण विकासका लागि एउटा मान्यता वा भनाइ छ- यदी गाउँको विकास गर्नुछ भने नजिकको शहर वा सदरमुकामको विकास गर्न जरुरी छ वा ग्रामीण सुशासनका लागि शहरी सुशासन कायम राख्नु अत्यावश्यक हुन्छ । यो मान्यतालाई प्रभावकारी बनाउने हो भने बजारको मात्र होइन समग्र जिल्लाको विकासमा ठूलो भूमिका निर्वाह हुनेछ । यसर्थ तानसेनमा बढ्दो निराशावादलाइ सकारात्मकतातर्फ उन्मुख बनाउन तत्काल तत् तत् पक्षहरु सम्वेदनशिल बन्नु पर्दछ । नगरपालिकाद्धारा बजारको सुन्दर व्यवस्थापन गर्दै भएका सार्वजनिक/नीजि सम्पदाहरुको संरक्षण र व्यवस्थित उपयोगको आकर्षक उद्धारण स्थापित गर्न जरुरी हुन्छ । राजनीतिक दलहरुद्धारा नविन विचार, नविन अभ्यासका बारेमा चर्चा गर्ने, राजनीतिक सद्भाव, जातिय सद्भाव र परिचालनबाट समृद्धिका पक्षहरुमा चर्चा गर्ने र हरेक अभिव्यक्तिमा ३० प्रतिशत रानीतिक विषय वस्तुका बारेमा चर्चा र बाँकी ७० प्रतिशत स्थानीय समस्या, सम्भावना र उपायहरुका बारेमा चर्चा गर्ने परिपाटी सन्दर्भमा जानकारी गराउन र गर्न अभिप्रेरित गर्न सक्छन् । व्यवसायिक प्रतिष्ठान वा सम्वद्ध संस्थाहरुवाट क्षेत्रगत व्यवसायिक सम्भावना, अवसर र आर्थिक उन्नतीका विविध पक्षहरुमा गरिने चर्चालाई विशेष प्राथमिकता दिन जरुरी देखिन्छ । विकासका लागि स्थानीय जनताको सरोकार र सहभागिता जरुरी हुन्छ र त्यसका लागि हरेक नागरिकको भूमिका गहन रहन्छ भन्ने सन्देश गैरसरकारी संघ संस्थाहरुले प्रवाह गर्न सक्छन् । साहित्य र शिक्षा क्षेत्रसम्वद्ध संस्थाहरुद्धारा कला संस्कृति शिक्षाको माध्यमबाट रुपान्तरणका उल्लेख्य उदारण बारे चर्चा गर्न सक्छन् । शिक्षामा नयाँ अभ्यास, पद्धती, प्रभाव र भूमिका एवं योगदानका विविध व्यक्ति व्यक्तित्व र प्रयत्नका सन्दर्भमा उत्प्रेरणा दिन सक्छन् । मानविय सेवामा संलग्न संस्थाहरुबाट समाजमा मानवीय चेतनाको विस्तारबाट उदारणीय समाज निर्माणमा योगदान दिन सक्छन् । यसर्थ बजारमा नागरिक समाजका रुपमा प्रतिनिधित्व गर्दै विभिन्न अभिव्यक्ति दिने हरेकले यो बुझ्न जरुरी छ की तानसेन वा पाल्पा के कस्तो बनाउने, यसको पुरानो इतिहास र गरिमा कसरी पुनस्थापित गर्ने, नेपालमा पाल्पाको पहिचान कसरी गराउने भन्ने सन्दर्भमा बहसहरु बढाउने तर्फ तत्परता देखाउनु पर्दछ । यसका लागि राजनीतिक दल, विज्ञ विद्धान, नागरिक समाज, अध्येता, अनुसन्धानकर्ता, स्थानीय सरकार, नीति निर्माण तहमा रहेका व्यक्तित्व वा प्रसाशक, पूर्व प्रसासक, सम्वद्ध संस्था वा निकायमा रहेका व्यक्तिहरुको सामुहिक छलफल, अवधारणा, दस्तावेज र सो प्रतिको प्रतिवद्धता, सकल्प वा प्रतिज्ञा अब आशावादी, सिर्जनात्मक र रचनात्मक समाज निर्माणका लागि गर्न जरुरी छ । हरेक सचेत नागरिकहरुको जिम्मेवारी पनि हो की समाजमा नकारात्मकता, उदाशिनता, निराशा हटाउने कार्यमा मेरो भूमिका र योगदान रहन्छ भन्ने व्यक्तिगत प्रतिवद्धता समेत जरुरी छ । अन्यथा, उदाशिनता र निराशाजन्य समाजको एक सदस्यको रुपमा आफै पनि गणनायोग्य हुनु पर्ने परिणाम भोग्नु पर्नेछ ।

*(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् । उनी पाल्पाको सम्पदा संरक्षण र पर्यटन प्रवर्द्धनमा सक्रिय छन् ।)*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : खेलकुद र साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । शैक्षिक क्षेत्र पनि राम्रै हुनेछ । | **तुला** : रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ । मनमा उत्साह छाउनेछ। |
| **वृष** : आफन्तसँग खटपट हुन सक्छ । ठूलाको सुझाव नमान्नाले काम बिग्रेला। | **वृश्चिक** : आफन्तबाट सहयोग प्राप्त हुनेछ । पढाइ लेखाइमा प्रगति हुनेछ । |
| **मिथुन** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी छलफल हुनेछ । | **धनु** : बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिनेछ । धर्मकर्ममा मन लाग्नेछ । |
| **कर्कट** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अयात्राको योग पनि छ । | **मकर** : सामाजिक क्षेत्रमा धन खर्च हुनसक्छ । मन कमजोर रहला । |
| **सिंह** : समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ । | **कुम्भ** : लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । अवसर प्राप्त होला । |
| **कन्या** : काम बिगार्नेको सक्रिय रहन सक्छन् । नियमित खर्चसमेत बढ्नेछ । | **मीन** : स्वादिष्ट भोजनको अवसर मिल्नेछ। प्रेम जीवन सफल रहनेछ । |

# साहित्य दर्पण

निबन्ध ● डा. शैलजा पोखरेल

# प्याजको गुदी

प्याजको महिमा कमैलाई थाहा होला ! 'बाहुनले च्याउ खाओस् न च्याउको बात जानोस्' भन्ने कथन नेपाली समाजमा पहिलेको जमानामा व्याप्त भएझैँ 'बाहुनले प्याज खानु हुँदैन' भन्ने भनाइ पनि व्याप्त भएकै हो । आफू परियो बाहुन नै कसरी भेट्नु प्याज ! अझ प्याजको गुदी त कस कसले भेटेको छ, कोनि ! मलाई चाहिँ प्याजको गुदी चिन्न गाह्रै छ । हुन त बन्दाकोबी पनि त्यस्तै होला गुदी मैले चाहिँ कहिल्यै भेटेकी छुइनँ तर, बन्दासँगै गन्दा पनि आउने हुनाले बन्दाको गुदी मैले कहिल्यै खोजी गरिनँ । प्याज भने चट्पटे, पानीपुरी, घुघुनी, समोसा, म:म: सबैलाई मिठो बनाउने तत्त्व थियो तर, हामी हुर्केका समाजको वा हाम्रा घरको खबर भने अनौँठो थियो । कहिले काहीँ आमा (हजुरआमा) ले तरकारी ल्याउँदा पसल्नी दिदीले हतारमा हो कि भुक्केर हो वा यहाँ एउटा दुइटा प्याज हालिदिए कस्तो होला भनेर जाँच गर्ने रहरले हो, आमाको तरकारीमा प्याज हालिदिने गर्दी रहिछन् । आमालाई त्यसको भनक थियो कि थिएन कोनि! हामी केटाकेटी भने आमाको पोको खोलेर हेर्न तानातान गर्थ्यौं। केटाकेटीको जङ्गली व्यवहारले कहिले काहीँ गाली खाएर एउटा छेउमा गएर आमाको झोलामा आँखा ताकेर बसिराख्थ्यौं । प्याज घरमा भित्रियो भने धराने चट्पटेमा पल्केका हाम्रा आँखामा संसारकै सबैभन्दा लोभलाग्दो फल भेटेजस्तो हुन्थ्यो । त्यस्तो त लोभ त आँप पाकेका बेला पनि लाग्दैन थियो ।

सबै आप किरा पर्ने बेलामा एउटा सग्लो आप भेट्टा हामी जति खुसी हुन्थ्यौं, त्योभन्दा धेरै खुसी हामी त्यो एक दानो प्याज भेट्टा हुन्थ्यौं । हाम्रा घरमा त प्याज खानेका कथा पनि अनौँठा बनेका छन् । एउटा भनौँ है! काठमाडौँमा हामीहरूको जस्तो अनुशासनभन्दा अलि पर हुर्केकी हाम्री एउटी बहिनी (चेतना) धरान गएकी थिई । हामीले प्याजको दानामा हारालुछ गरेको उसलाई पनि सारै रमाइलो लागेछ र त्यो गर्नु पर्छ नै भन्ने ठहर उसको पनि भएछ । एकदिन आमाले ल्याउनु भएको आलुको पोकामा एउटा प्याज परेको रैछ, उसैले भेटिछे । हामीले पनि त्यो थाह पायौँ र उसको पछि लाग्यौं । चेतना हातमा प्याज लिएर अघि लागी । पैँतालिस सालको भुईँचालोअघिको पुरानो माटाको गारो भएको हाम्रो धरानको घर, झ्यालका डिलमा मान्छे पलेँटी मारेर बस्न सकिन्थ्यो । त्यहीँ गएर चेतना मज्जाले राजा बसे जस्तै गरी पलेटी मारेर बसी । उसको बोली अलि बुढी आमाको जस्तो थियो, "तिमरु खान्छौ? आओ" भनी ।

हामी "हुन्छ" भन्दै उभन्दा ठिक तल गएर एक टकले प्याजको दानो हेर्दै बस्यौँ । उसलाई हामीहरूले गरेको प्याजको हारालुछ थाह थियो तर, प्याजको महत्व थाह थिएन । त्यसैले होला एकछिन प्याको डल्लोलाई वरिपरि घुमाएर हेरी । के सोची कोनि अनि भनी, "तिमीहरूलाई म बोक्रा दिन्छु, म चाहिँ गुदी खान्छु है" । हामीले सहर्ष स्वीकार्यौं उसको प्रस्ताव । उ तास्तै गई, "यो बोक्रा यस्लाई, यो बोक्रा उसलाई" भन्दै हामीलाई भाग लगाउँदै बाँड्दै गई । हामी पनि रमाई रमाई पालै पालो प्याजको बोक्रा खाँदै गयौं । धेरै बेरसम्म बोक्रा मात्र आएर गुदी नआउँदा उसलाई चिन्ता लागेछ क्यारे, "यति चैं म खान्छु है" भनेर बिचको सानो सेतो भाग देखाई । हामीले पनि खुसी साथ 'हुन्छ' भन्यौँ र चेतनाको प्याजको गुदी सबैलाई सुनायौँ । बिचारी चेतना सानो गुदी खाएर दङ्ग परी । चेतनाले एउटा गुदी भेटी वा भेटिनँ हाम्रो भने उसले भेटेको प्याज खाने ईच्छा पुरा भयो । आज सोच्छु त्यो प्याजको गुदी एउटै रहेछ र त्यसैलाई घेरा हालेर अनेकौं बोक्रा एकीकृत भएर बसेका रहेछन् । नत्र एउटै घेरामा दुईवटा समानान्तर घेरा भेटिने रैछन् । जति जति प्याजलाई नजिकैबाट चिन्दै गयो उति उति त्यसको बनौटको विचार गर्न थालिँदो रैछ । प्याजको बनोट त हरेक घर परिवार, हरेक व्यावसायिक संस्थाहरू, हरेक राजनीतिक दलभित्र देखिँदो रैछ । प्याजका गुदी एउटै दानाभित्र दुई तिन ओटा हुँदा त्यसलाई हाल्ने घेरा फरक फरक हुँदो रैछ । पत्रै पिच्छे त्यो बोक्रामा गुदीको भन्दा फरक रङ्ग हुँदो रैछ र जति जति बाहिरको बोक्रातिर गयो उति उति प्याजमा प्याजी रङ्ग र स्वादमा तिखोपन पनि बढ्दै जाँदो रैछ र सबैभन्दा बाहिरी घेरामा एउटा तिखो पत्र हुन्छ र त्यसले एउटा प्याजलाई सिङ्गो बनाउने काम गर्दो रैछ । त्यो पत्र भने भित्र गुदी र तिनका घेरा जति भए पनि एउटै हुँदो रहेछ र त्यही घेराले भित्रका अनेक गुदी र घेरालाई सिङ्गो बनाउने काम गर्दो रहेछ ।

बाहिरी घेराभन्दा बाहिर कतिपयमा सुख्खा बोक्रा हुँदा रहेछन्, कतिपयमा त त्यो पाटो नै हुँदैन रैछ । यदि सुख्खा बोक्रा छन् भने ती सबैलाई आफ्नै ठान्ने बाहिरी बोक्रो सुरक्षित रहँदो रैछ हैन भने सबैले पहिले त्यसलाई निकालेर फाल्दा रैछन् अनि प्याज काट्ने हो कि यसै खाने हो, सुरु गर्दा रहेछन् । त्यस्तै रैछ कुनै ठुलो परिवारमा पनि बाहिरी बोक्रा झरेपछि भित्रका अनेक गुदी र गुदीका बोक्राहरूका तह बेग्ला बेग्लै रूपले देखिन्छन् र अचम्म चाहिँ के रैछ भने ती गुदी र बोक्राको युनिटीको आकार प्याजको जस्तो सग्लो हुँदैन रैछ । यदि एउटा गुदीमा बिगार पर्यो भने विस्तारै ठिक्क त्यसको बाहिरी बोक्रामा बिगार सल्किँदो रैछ अनि अर्को गर्दै जाँदा अर्को गुदीसम्म भित्रभित्रै बिग्रेर बाहिरको दानो सग्लो देखिँदो रैछ । कसैले त्यो दानो समाउन खोज्यो भने मात्र त्यो प्याज भित्रभित्रै बिग्री सकेको थाह पाउँदो रैछ ।

ठ्याक्कै प्याजकै दानाको जस्तो व्यवस्था हरेक सङ्गठनको हुँदो रैं । राजनीतिक पार्टीहरूलाई एकपटक हेरौँ न त! नहेरौँ भने पनि तिनै छन् अहिलेका जल्दाबल्दा, तिनै छन् राजा, राजाको गुनगान नगाई कसरी प्रजाको मात्र गाएर सक्नु हैन त! फेरि अपुग पो ठहर्ला कि! ती राजाको पत्र पनि प्याजकै जस्तो हुँदो रैछ । एउटा दानो प्याज, एउटा पार्टी, त्यो दानो अवस्थै सग्लो छैनह अगि भने झैं अनेकौ गुदी र गुदीका बोक्राहरूको संरचनामा त्यो पनि अनुहार बिग्रेका बसेका होलान कुनै बाहिरी झल्ले बोक्राहरूले बाँधेर एउटै भए झैँ । कुनै त गुदीदेखि बिग्रिने क्रममा आएका होलान् ! कतिमा त गुदीजति सबै काम नलागने भएर बोक्राले मात्र प्याजको गुण बोकेका पनि होलान् । बोक्राले धानेको सत कतिञ्जेल टिक्ला र! गुदी बिग्रेर बाहिर सर्दै जाँदा सबैभन्दा पछाडिसम्म जस्ताको तस्तै देखिएर बोक्रा बसेको हुँदो रैछ । बिचरा प्याजको रस वा स्वाद र फाइदाबाट पर बसेको बोक्रो सग्लो देखेर बाहिरबाट कसैले टिप्न खोजे भने पच्याक्क भएर सिङ्गै प्याज थेप्चिन्छ । बोक्रा भने अझै प्याज सग्लै हुने आशमा आफ्नो सत्य धानेर बसिराखेको हुन्छ । सबैसँग बचाएर दानोलाई सुरक्षित राख्छु र प्याजको गुण सिङ्गै जीवितै राख्छु भन्ने त्यसको ध्येय भित्रको बिगारले नै नासिदिँदो रैछ । त्यसैले होला त्यो कलेजको विद्यार्थी वा बाटामा झण्डा बोकेर हिँड्नेले मैले नै यो पार्टी सुरक्षित राखेको छु भने झैं जिन्दावाद र मुर्दावाद अनि ढुङ्गा र गाली बर्साई राखेको हुन्छ । अलि भित्रका बोक्रा परे भने ती एकछिन अगाडि लाग्दा रहेछन् र अशुरक्षा देख्नासाथ बोक्राको भित्रपट्टि लुकेर बस्ता रहेछन् । अझ भित्रका बोक्रा भए ती मञ्चमा र त्यसको वरपर बसेका हुँदा रहेछन् ।

केही हानि देखिहाल्यो भने गुदी बचाउने निउँले भाग्ने लुक्ने के गर्ने हो त्यही गर्न थाल्दा रहेछन् । अब गुदीको पालो भेला भएका ठाउँमा एउटा तोकिएको समयमा जाने सबै तहका बोक्राहरूको सुरक्षामा बस्नेह आफ्ना तहगत बोक्राको भाउ जाँच्ने र एउटा बाहाना बनाएर छिट्टै त्यहाँबाट भाग्दा रहेछन् । भनौँ नभनौँ यी गुदी अत्यन्तै स्वार्थी हुँदा रहेछन् । अब भन्नुहोस् कुनै पनि प्याजमा गुदी भनेको कम स्वादको हुन्छ, त्यही गुण राजनीतिक पार्टीका नेताको पनि हुन्छ । तिनको गुदी स्वादिलो भएको भए आफ्नो पन कसरी छोड्ये होला र! अनि कसरी सजिलै हिजोसम्म बोक्रासम्म सत्रु पार्टी भनेर चिनिएको अर्को गुदीको घेरामा समान रूपमा मिल्न सक्ये होला र ! हैट के के हो के के! त्यसै भएर पो होला शंकर लामिछानेको चिन्तन पनि प्याजमै थियो । अब हेर्नुस् त्यो प्याजको दानो आमाले ल्याउने आलुको पोकामा घरमा आयो भने के होला ? प्याजको गुदी मात्र मन पराउने चेतनाले भेटेको गुदीमा को आउला ! कुनै स्वार्थी नेता ? प्याजको गुदी भनेको त अरू फलफुलको गुदीजस्तो सबैभन्दा मिठो भाग नभएर सबैभन्दा नमिठो भाग पो हुँदो रैछ । धन्न चेतनाले 'गुदी चाहिँ म खान्छु ल' भन्दा सहर्ष स्वीकारेछौं । नत्र कुन स्वार्थी नेता हाम्रो पेटमा, घाटीमा वा आत्मामा पुग्ने थियो होला! हामीले खाने प्याजको बोक्रामा कस्तो स्वाद आउला ता! अब त्यसलाई मसिनो काटेर भुटिभात, समोसा, चटपटे, म:म: मा हाल्दा के होला ! ती पनि स्वार्थी नै पर्ने त भए नि ।

उर्लेर जिन्दावाद, मुर्दावाद भन्ने र अस्तित्त्व धान्ने पाटो त बाहिरी बोक्रा रैछह त्यसैले त्यो नफाली त प्याज खाने कुरै भएन । अब बाहिरी खाएका बोक्रामा बचेका ती अगुवा, भिँडलाई आफू केन्द्री बनाउने र बाहिरी खतरा आइपरे त्यही बोक्राको भित्र सुटुक्क लुकेर बस्ने परे कि! कि अर्को बोक्रा परे ? भन गुदी बचाउने नाममा खतराबाट पर गुदीकै गाडी चढेर भाग्ने परे । हैट यति विचार गरेपछि प्याज त खान्न होला अब ! त्यो प्याज कसरी खान लायक होला ! यसरी प्याजको बोक्रा निकाल्दा पो थाह भयो हाम्रा घरमा किन प्याज आउँदैन थियो ? त्यसैले पनि बाहुनले प्याज खान हुँदैन भन्ये भन्ने होला !

*-समकालिन साहित्य डटकम*

कथा ● सिवेस कुमार सिंह

# साथीको आत्महत्या



"यात्रीगण कृपया ध्यान दिजिए ! गाडी संख्या ... पटना से चलकर जयनगरको जाने वाली... एक्सप्रेस कुछ हि देर मे प्लेटफर्म न. १ से चल्ने वाली है ।" यो उद्घोषसँगै म ट्रेन समात्न दौडिएँ । पटना घुमेर पटनाबाट जयनगर जाने ट्रेन रातीको ११ बजे चढेको थिएँ । ट्रेन आफ्नो निर्धारित समयभन्दा ढिलै चलिरहेको थियो । बिहान आठ बजेसम्म पुऱ्याउनुपर्ने थियो तर दुई-तीन घण्टा ढिलै हुन्छ जस्तो लाग्यो । बिहान सात बजे निद्रा खुलेसँगै अहिलेको नयाँ अपडेट थाहा पाउन फेसबुक खोलेँ । स्क्रीनमा एउटा खबर भाइरल भइरहेको थियो । खबर थियो, "फलानो नाम गरेको मान्छे दुई दिनदेखि सम्पर्कविहीन भएकोले निजलाई देख्नेले फलानो नम्बर अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहोला " त्यो हराइरहेको मान्छे अरू कोही नभएर मेरै साथी गुप्ता थियो । सोचें, "दुई दिन सम्पर्कविहीन हुँदैमा आत्तिनु नै पर्दैन । मोबाइल बिग्रियो होला अथवा हरायो होला । घरमा कलह भएर जानाजानी फोन नलाग्ने बनाएर राखेको होला अथवा चिन्तै नगर्नुपर्ने केही भयो होला ।" खासमा ऊ इलाम घुम्न जाने भनेर घरमा जानकारी गराएर हिंडेको थियो । दुई दिनभित्र ऊ घर फर्किसक्ने बताएको थियो तर भोलिपल्टदेखि उसको मोबाइल बन्द आइरहेको कारणले परिवारमा चिन्ता बढेको थियो । लगातार खोजतलास जारी थियो । म आफ्नो घर फर्केको चार/पाँच दिनपछि ऊसँग सम्बन्धित एउटा खबर फेरि भाइरल भैरहेको थियो । खबर थियो, "विगत चार/पाँच दिनदेखि हराइरहेको मान्छे फलानो गेस्ट हाउसमा झुन्डिएर आत्महत्या गरेको अवस्थामा भेटिएको छ । हत्या भएको हुनसक्ने आशंका गरिए पनि स्थलगत अनुसन्धानबाट प्रहरीले आत्महत्या भएको पुष्टि गरेको छ । आत्महत्या रातीको समयमा भएको, उसले सिंगल कोठा लिएको, सिसिटिभी फुटेजबाट वारदातको समयमा ऊ एक्लै भएको र बिहानसम्म पनि 'चेकआउट' गर्न नआएपछि ढोका फोडेर हेर्दा झुन्डिएको अवस्थामा पाइएको छ ।" गुप्ता बजारको मुख्य चोकमा रहेको गुप्ता कपडा पसल साहूको छोरा थियो । उमेरले त्यस्तै २७/२८ को अविवाहित केटो थियो । ऊ दुई वर्षअघि निजामती सेवाको खरिदार पदको स्थायी जागिर छोडेर आफ्नो बुवाको पसलमा बुवालाई सहयोग गर्न आएको थियो । ऊ भन्ने गर्थ्यो, "मेरो बुवाको यो पसलमा यत्रो लगानी छ ।

व्यापार पनि राम्रै भइरहेको छ । बुवालाई सहयोगी पनि चाहिएको छ । महिनाको पचास हजार त म आफ्नै पसलमा काम गरेर कमाउन सक्छु । अनि म किन घरबाट टाढा गएर जागीर गर्नु ? बुवाले परम्परागत तरीकाले चलाई रहनुभएको यो पसललाई आधुनिक बनाएर थप उचाइँमा पुऱ्याउँछु ।" म प्राय: लुगाफाटा किन्न त्यही गुप्ता पसलमा जानेगर्थें । कारण एक दाममा कपडा पाइने र कपडा पनि राम्रो र टिकाउ हुने । यसरी पसलमा आउँदाजाँदा पसलको साहूको छोरा मेरो राम्रो साथी बनेको थियो । सिधा-सिधा कुरा गर्ने, खुलेर कुरा गर्ने, सभ्य र मर्यादित देखिने अनि सहयोगी स्वभावको थियो । मलाई चिनेपछि मसँग अरू ग्राहकभन्दा फरक व्यवहार गर्थ्यो । पसलमा जाँदा बस्नलाई कुर्सी दिन्थ्यो । आफूलाई चाहिने कपडाको विवरण सुनाएपछि ऊ आफैले मलाई सुहाउँदो कपडा रोजिदिन्थ्यो । भन्ने गर्थ्यो, "सर, तपाई त कर्मचारी मान्छे । तपाईलाई यस्तो रंगीचंगी सुहाउँदैन । यो कपडा लानुस्, थोरै महँगो त छ तर कपडा राम्रो छ ।" अरू पसलभन्दा दुई पैसा कमैमा मलाई कपडा बेच्थ्यो । उसले मास्टर्ससम्म पढेको थियो । घरको एक्लो छोरा थियोह भएकी एउटी बहिनीको भर्खर सात महीना अगाडी बिहे भएको थियो । परिवार सम्पन्नै थियो । गाउँमा प्रशस्त जग्गाजमीन थियो । दु:ख भन्ने त्यस्तो केही थिएन । ऊ आएदेखि पसलमा व्यापार झन् बढेको थियो । छिट्टै बिहे गर्ने सोचमा थियो । मसँग सामाजिक, शैक्षिक, राजनीति लगायत हरेक विषयमा छलफल गर्थ्यो । ऊ भन्ने गर्थ्यो, "यत्रो आन्दोलन भएर देशमा संघीयता आयो । आफ्नो मधेश प्रदेश छ । हाम्रो प्रदेशमा जहिल्यै अनियमितताको खबर सुनिन्छ । अरू प्रदेशले कति-कति प्रगति गरिसक्यो । यसरी त यत्रो आन्दोलन गरेर ल्याएको संघीयताको के अर्थ भयो र !" म भन्थें, "विकृति र विसंगति त देशैभरि छ । कतै कम त कतै बढीको कुरा हो । नयाँ-नयाँ व्यवस्था आएको छ, समय लाग्ला सबै कुरा सही हुन ।" उसको सोच र विचार फराकिलो र ओजिलो हुने गर्थ्यो । एउटा बौद्धिक मान्छेले गर्ने किसिमले कुरा गर्थ्यो, लठ्यैत पारा थिएन । ऊ सँगको छलफल सार्थक र सान्दर्भिक लाग्थ्यो । मलाई पनि धेरै कुरा सिक्न पाएको अनुभूति हुन्थ्यो । उसको आत्महत्याको खबर पनि सेलाउन थालिसकेको थियो । दु:खद घटना भएको दिनदेखि कस्तो-कस्तो लागेर उसको पसलमा नगएको पनि ३/४ महिना भइसकेको थियो । एक दिन यतिका राम्रो सम्बन्ध थियोह गएर बुझौं न के स्थिति छ भन्ने भयो । दु:खको घडीमा टाढिनु त भएन भन्ने लाग्यो । पसल पहिलाजस्तो चहलपहल थिएन । ग्राहकहरू पनि एकाध मात्र थिए । पसल पनि प्राय: बन्द नै रहने गरेको सुन्न पाएँ । उसको पसलमा बुवा र एक-दुई जना कामदारहरू थिए ।

सबैको अनुहारमा शोक र दु:ख प्रष्टै झल्किन्थ्यो । मलाई नमस्कार गर्नुभयो र सोध्नुभयो, "धेरै दिन भयो, मेरो पसलमा नाउनुभएको ?" मैले ढाटें, "पहिल्यै थुप्रै कपडा किनेर राख्या छु । नयाँको आवश्यकता नै परेन ।" उहाँसँग दु:ख थियो । दु:ख कसैसँग पोखौंजस्तो भइराखेको देखिन्थ्यो । शायद मलाई विश्वास गर्नुहुन्थ्यो कि - यो मान्छेले मेरो कुरा सुन्छ तर मलाई तौलिँदैन । हाम्रो प्रश्नोत्तर शुरू भयो । "सबै प्रमाणले आत्महत्या नै गरेको हो?" "सबै प्रमाणले आत्महत्या नै भन्छ । हत्या कसरी भन्ने ? न कसैसँग झगडा गर्ने थियो न कसैको कुभलो गर्ने मान्छे थियो ।" "अनि यत्रो घटना घटाउनुपूर्व त केही लक्षण त पक्कै देखायो होला नि !" "शान्त मान्छे थियो । मसँग पनि कामले बोल्थ्यो । कहिल्यै मुखमुखै लाग्ने बानी थिएन । त्यस्तो व्यवहारमा शंकास्पद परिवर्तन देख्न सकिन ।" "के लाग्छ तपाईलाई, उसले किन यस्तो कदम चाल्यो ?" "त्यो त थाहा भएन सर । के थियो मलाई भनेन कहिले । तर एउटा कुराको पछुतो छ कि मैले मेरो छोरालाई चिन्न सकिनँ ।" "छोरालाई चिन्न सकिन? भन्न के खोज्नु भएको ?" "हजुर । यो अनुशासनको पाठ पढाउँदा मैले के बिर्से भने छोराको उमेर पुगेपछि उसलाई साथीको व्यवहार गर्नुपर्छ । मैले मात्र सोचें, निर्देशन दिने हो अनि उसले मान्ने हो । शायद मैले यदि छोरासँग मित्रवत छलफल गर्ने परिपाटी बसालेको भए उसले यस्तो गलत कदम उठाउँदैनथ्यो।" "केही अभाव, दु:ख, तनाव थियो कि ?" "अब अलिअलि अभाव, दु:ख र तनाव त सबैसँग हुन्छ । तपाईंसँग नि छ, मसँग नि छ । ऋण थियो तर तिर्न नसकिने थिएन । ऊ जागिर छोडेर आफ्नै खुशीले आएको थियो । अरू कुरा थाहा भएन । घुम्न जाने अघिल्लो दिन मलाई यो पसल सार्नुपर्छ, साँघुरो ठाउँ भयो भनेर सुझाव दिँदै थियो ।" यति कुरा गर्दागर्दै उहाँका आँखा टिलपिलाए । मैले पोलेको घाउमा नून छर्किन उचित ठानिनँ । मैले यति भनें, " जे नहुनु थियो, त्यो त भैसक्यो । यही घटनाको कारणले परिवारमा थप दु:ख आउन नदिनुहोला । भाग्य खराब भएपछि कसको के लाग्छ !" पसलबाट एउटा टिसर्ट किनेर बाहिर निस्किएँ । गेटबाहिर चार/पाँच जना मान्छे हँसीमजाक गर्दै थिए । त्यो गफ गुप्ताको आत्महत्यासँग सम्बन्धित थियो । सबैले पालैपालो आत्महत्याको कारण बारे रमाइलो गर्ने हेतु अकडबाजी गर्दै थिए । "यसको एउटा युवतीसँग अफेयर थियो । युवतीले धोका दियो । चोट सहन नसकेर हो नि !" "घरमा यसले ढाँटेको हो नि ! कहाँ जागिर छोड्या हो र ! जागिर खाँदा घुसमा रंगेहात समातियो ।

आजभोलि पोल खुल्ने डरले हो नि !" "यसलाई जुवाको लत थियो । दुर्व्यसनीमा फसेको थियो । ऋण लागेको थियो । जेल पर्नेवाला थियो ।" "अस्ति मेडिकल चेक गर्न जाँदा कहिल्यै निको नहुने रोग लागेको थाहा पायो रे! सामाजिक रूपमा इज्जत जाने भएर हो ।" म उनीहरूको आफ्नै साथीको बदनाम तथा मजाक उडाउने प्रवृत्तिदेखि सहन नसकेर कड्किएँ, "उसले तपाईंलाई कारण बताएर आत्महत्या गरेको हो ? अनि यसरी उसको आफन्तले सुन्नेगरी यसरी हावादारी कुरा गर्ने हो ? अहिले जे बोलिरहनु भएको छ, त्यसको प्रमाण छ ? आज जुन तरीकाले उसको मजाक उडाउँदै हुनुहुन्छ, भोलि तपाई वा तपाईंको परिवारका सदस्यसँग यस्तो दुर्घटना भयो भने के गर्नुहुन्छ ? ऊ पनि तपाई-हाम्रो समाजको मान्छे होइन ? उसले आत्महत्या गरेर जे गल्ती गऱ्यो, त्यसमा तपाई-हामी पनि उतिकै जिम्मेवार छौं । हामीले यस्तो समाजको निर्माण गरिरहेका छौं, जहाँ एउटा व्यक्ति आफ्नो दु:ख-पीडा, समस्या आफ्नो परिवार, साथीभाइ र समाजसँग शेयर गर्न पनि तीन चोटि सोच्नुपर्छ र आत्महत्या कुनै समस्याको समाधान हुन सक्दैन भन्ने कुरा बुझाउन सक्दैनौं । ! उनीहरूको नजरमा भने तँ को होस् र भन्ने भाव झल्किरहेको थियो । मन चाहिं केही भन्न सकेनन् । सब तै चूप मै चूप भए । तर भ भने भारी मन लिएर भारी पाइलाका साथ जुन बाटो आएको थिएँ त्यै बाटो फर्किएँ ।

*-साहित्यपोस्ट डटकम*

# आज विश्व प्राथमिक उपचार दिवस मनाइँदै




**पाल्पा,** भदौं २८/ आज विश्व प्राथमिक उपचार दिवस मनाइँदै छ । नेपालसहित विश्वभर पवगतमा जस्तै विभिन्न कार्यक्रम गरी दिवस मनाउन लागिएको हो ।

प्राथमिक उपचारको महत्वका विषयमा समुदायमा चेतना अभिवृद्धि गर्ने र प्राथमिक उपचार गर्ने स्वयंसेवकहरूलाई सम्मान गरी उत्प्रेरणा बढाउने उद्देश्यले हरेक वर्ष सेप्टेम्बर महिनाको दोस्रो शनिबार विश्व प्राथमिक उपचार दिवस मनाइन्छ । देशभर प्राथमिक उपचार पद्धतिको विकास गरि मृत्युदर कम गर्ने, स्वास्थ जनचेतना फैलाउने, देशमा स्वास्थ्यमा परिवर्तनको संवाहक बन्दै देशका लागि केही योगदान दिने दिवसको उद्देश्य रहेको छ । प्राथमिक उपचार भनेको दुर्घटनामा परेका व्यक्तिलाई उसको समस्याको सही आंकलन गरी त्यसको निदानका लागि तुरुन्तै प्रदान गरिने सेवा हो । अर्को अर्थमा भन्दा कुनै व्यक्तिलाई चोटपटक लागेपछि वा ऊ बिरामी भएपछि अस्पताल पुऱ्याउनुअघि गरिने सबैभन्दा सुरुको उपचार पद्दतिलाई प्राथमिक उपचार भनिन्छ । कुनै पनि दुर्घटनामा घाइते हुनेलाई बचाउन प्राथमिक उपचारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । दिवसमा प्राथमिक उपचार ज्ञान र सीपको प्रवर्द्धन गर्ने खालका अभिमूखीकरण, कृत्रिम घटना अभ्यास, आकस्मिक प्राथमिक उपचार सीप प्रवर्द्धन लगायतका गतिविधिहरू आयोजना गर्ने गरिन्छ । नेपालमा हरेक वर्ष सयौं जनाले सडकमा हुने दुर्घटनाका कारण ज्यान गुमाउने गरेका छन् । दुर्घटनामा घाइते बन्न पुगेकाहरूलाई सामान्य प्राथमिक उपचार प्रदान गर्ने हो भने पनि उसको ज्यान जोगिने सम्भावना बढेर जान्छ । सानादेखि ठूलासम्मका दुर्घटनामा घाइते हुन पुगेकालाई प्राथमिक उपचार दिने हो भने उसको ज्यान जोगाउन पनि सहज हुन्छ ।

# भट्टराईको संयोजकत्वमा तानसेनमा 'पैरवी समूह'



**पाल्पा,** भदौ २८/सिर्जनशिल अपाङ्ग स्वालम्बन केन्द्रका अध्यक्ष सन्दीप भट्टराईको संयोजकत्वमा तानसेनमा पैरवी समूह गठन भएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकारका पक्षमा वकालत, बहस तथा समन्वय र सहकार्य गर्ने उद्देश्यले परिलक्षित संस्थाले पैरवी समूह गठन गरको हो ।

परिलक्षित संस्थाको तानसेनमा भएको भेलाले भट्टराईको संयोजकत्वमा १२ सदस्यीय पैरवी समूह गठन गरेको छ । जसको सदस्यमा राधेश्याम ज्ञवाली, पत्रकारहरु माधव अर्याल, मिलन विश्वकर्मा, मुक्तिप्रसाद न्यौपाने, अधिवक्ता शिवप्रसाद देवकोटा, निलकण्ठ देवकोटा माया नेपाल, लक्ष्मी ज्ञवाली, पद्मा भट्टराई, गणेश विष्ट, प्रेम थापा रहेका छन् । भेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि तानसेन नगरपालिकाका उपप्रमुख प्रतीक्षा सिंजालीले उद्देश्यअनुरुप काम गर्न नवगठित समूहलाई आग्रह गरिन । उनले अपाङ्गता भएका व्यक्तिहरुका लागि पैरवी अवाश्यक रहेकाले समूहले त्यसतर्फ रचनात्मक ढंगले काम गर्नुपर्नेमा जोड दिइन् ।

उपप्रमुख सिंजालीले लक्षित वर्गसम्म पुगेर कार्यक्रम गर्न संस्थालाई आग्रह गरिन् । आफूले निरन्तर कार्यक्रमको अनुगमन गर्ने र प्रभावकारी भएमा नगरपालिकाले पनि साझेदार गर्ने उनले उल्लेख गरिन् । परिलक्षित कार्यक्रमका कार्यकारी निर्देशक सूर्य थापाले अपांगता भएका व्यक्तिलाई प्रत्यक्ष लाभ हुने गरी कार्यक्रम सञ्चालन भइरहेको बताए । उनले शिक्षा र आयआर्जनमूलक क्षेत्रमा परियोजनाले काम गर्दै आएको धारणा व्यक्त गरे । संस्थाले जिल्लाका तानसेन नगरपालिका, रामपुर नगरपालिका, रम्भा गाउँपालिका र तिनाउ गाउँपालिकामा कार्यक्रम गर्दै आएको छ ।

अपांगता भएका व्यक्तिको आयआर्जनमा टेवा पुग्ने कार्यक्रम सञ्चालन हुने अध्यक्ष थापाले बताए । उनले भने 'अहिले समूह सञ्चालन र व्यक्तित्व विकासका लागि तालिम दिएका छौं । पछि क्रमश: उनीहरूको माग र आवश्यकताको आधारमा आर्थिक सहयोग गर्ने छौं ।'

बाखा, कुखुरा, बंगुर, ब्युटिसियन, सिलाईकटाई, पसल सञ्चालनका लागि सहयोग गरिने समेत उनले बताए ।

## खेलकुद समाचार

### पलेशाले पाइन् ६५ लाख



**काठमाडौं,** भदौ २८/पेरिस पारालिम्पिक्समा २०२४मा ऐतिहासिक कांस्य पदक जितेकी पलेशा गोवर्धनलाई सरकारले ६५ लाख रुपैयाँ दिएको छ । युवा तथा खेलकुद मन्त्रालयले शुक्रबार प्रधानमन्त्रीको सरकारी निवास वालुवाटारमा आयोजना गरेको कार्यक्रममा प्रधान्मन्त्री केपी शर्मा ओलीले पलेशालाई ६५ लाख रुपैयाँको चेक हस्तान्तरण गरेका हुन् । साथै प्रशिक्षक कविराज नेगी लामालाई पाँच लाख ८५ हजार र टिम व्यवस्थापक रामचन्द्र श्रेष्ठलाई रु दुई लाख ९२ हजार पुरस्कारसहित सम्मान गरिएको छ । राष्टिय खेलकुद विकास नियमावली अनुसार उनीहरुले उक्त पुरस्कार रकम पाएका हुन् । कार्यक्रममा प्रधानमन्त्री ओलीले खेलमा विजय हासिल गरेपछि खेल क्षेत्रको उत्साह कायम राख्न छिटो छिटो पुरस्कार दिने र राशिमा कर नकटाउने नीति लिएको बताए । पलेशा नेपाली ओलम्पिक ६ दशक सहभागी इतिहासमा पदक जित्ने पहिलो खेलाडी हुन् । पलेशाले दुई साता अघि के ४४ क्याटेगोरी ५७ केजी मुनी प्रतिस्पर्धामा सर्वियाकी मारिया मिसेभलाई १५-८ ले पराजित गर्दै पदक जितेकी हुन् । कार्यक्रममा युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, सचिव सुमनराज अर्याल, राष्ट्रिय खेलकुद परिषद्का सदस्य टंकलाल घिसिङ, नेपाल तेक्वन्दो सैका पदाधिकारीलगायत सहभागी थिए ।

### रामपुरमा...

एकादशी र औँशीमा पशुपंक्षी वध गर्दा धार्मिकआस्थामा असर पुगेको भन्दै जनगुनासो बढेपछि नगरपालिकाले यस्तो निर्णय गरेको नगरप्रवक्ता कपिल बहादुर खाँणले बताए । यससंगै रामपुर नगरपालिका क्षेत्र भित्र एकादशी रऔँशी तिथिका दिन कुनै पनि व्यक्ति र समुदायले पशुपंक्षी वध गर्न नपाउने प्रवक्ताखाँणले जानकारी दिए । नगरपालिकाको निर्णय र सूचनालाई वेवास्ता गरि एकादशी रऔँशीमा पशुपंक्षी वध गरेको पाईएमा कारवाही गरिने रामपुर नगरपालिकाका प्रमुखप्रशासकीय अधिकृत सूर्य दर्शन पण्डितले बताए । रामपुर नगरपालिका आफैमा धार्मिक महत्वकोक्षेत्र भएकाले धार्मिक सद्भाव संगै मानवीय स्वास्थ्यका लागि एकादशी र औँशी तिथिमापशुपंक्षी वध नगर्ने निर्णय गरेको नगर प्रमुख रमण बहादुर थापाले बताए । धार्मिकसाँस्कृतिक परम्परा अनुसार एकादशी र रुऔँशीको दिनमापशुपंक्षी वध गर्न नहुने भन्ने मान्यता समेत रहेको र स्वास्थ्यका लागि पनि फाइदा हुनेभएकाले उक्त दिनहरुमा पशुपंक्षी वध नगर्न नगर प्रमुख थापाले आग्रह समेत गरे ।

## अर्थ/कर्पोरेट समाचार

# सुनको मूल्यले फेरी बनायो नयाँ रेकर्ड, कति पुग्यो तोलाको ?




**पाल्पा,** भदौ २८/अन्तर्राष्ट्रिय बजारमा निरन्तर उकालो लागेको सुन स्थानीय बजारमा समेत नयाँ रेकर्ड बनाउँदै गएको छ । शुक्रबारबार हालसम्मकै उच्च बिन्दुमा पुगेर सुनले पुन: नयाँ रेकर्ड बनाएको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुनको मूल्य तोलामा तीन हजारले वृद्धि भएर किर्तिमान कायम गरेको छ । बिहीबार प्रतितोला एक लाख ५३ हजार तीन सयमा कारोबार भएको छापावाला सुन शुक्रबारका लागि एक लाख ५६ हजार तीन सय निर्धारण भएको छ । यो हालसम्मकै उच्च बिन्दु हो ।

यस्तै, चाँदीको मूल्य प्रतितोला ६५ ले वृद्धि भएको छ । बिहीबार प्रतितोला एक हजार सात सय ९५ मा कारोबार भएको चाँदीको मूल्य बढेर एक हजार आठ सय ६० निर्धारण भएको छ । सुनको भाउ अझै बढ्ने क्रम जारी छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ ।

जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नुको प्रमुख कारण नै अमेरिकाले ब्याजदर कटौती गर्ने सुनिश्चितता गर्नु हो । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई